# बलान बिहुल गाउँपालिका
ब़्‌लान रि़हुल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
महुलियाँ, सप्तरी मधेश प्रदेश , नेपाल

प.सं. २०८०/०८१
च.नं.

मितिः- २०८०/०८/११

**वैदेशिक रोजगार सन्तती छात्रवृति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सुचना**

श्रम स्वीकृत लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पूर्ण रुपमा अशक्त वा गम्भीर विरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार छात्रवृतिका लागि आफु अध्यनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृति संचालन कार्यविधि ,२०८० को अनुसूची (१) बमोजिमको ढाचाँमा २०८० साल पुस ८ गते भित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

आफु अध्यनरत शैक्षिक संस्थामा अनुसूची १ बमोजिमको ढाँचामा ।

**छात्रवृतिका लागि निवेदन दिने आधारहरु**

१.श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी|
२.सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन ।
३.मिति २०८० कार्तिक मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक सत्र २०८० को छात्रवृति उपलब्ध गराइनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु(नयाँ आवेदकका लागि)**

१.निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
२.वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३.कामदारको राहदानीको प्रतिलिपि वा राहदानी न. खुल्ने कागजात ।

# बलान बिहुल गाउँपालिका
ꯕꯂꯥꯟ (Maithili/Tirhuta script line)

## गाउँ कार्यपालिकाको कार्यालय

महुलियाँ, सप्तरी    मधेश प्रदेश , नेपाल

प.सं. २०८०/०८१
च.नं.

मिति:- २०८०/०८/११

४.वैदेशिक रोजगारमा गई सोहि क्रममा अशक्त भएका कामदारको पूर्ण रुपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
५.विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
६.निवेदक, संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि ।
७.विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
८.सम्बन्धित स्थानीय तहको सिफारिस ।

<u>साविकमा प्राप्त गरिरहेका बालवालिकाका लागि</u>

१.विद्यार्थीको निवेदन ।
२.अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
३.कामदारको राहदानीको प्रतिलिपि ।
४.विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।

<u>छात्रवृतिको सीमा</u>

१.वार्षिक रुपमा आधारभूत तहका लागि रु.१२,०००|(बाह्र हजार) र माध्यमिक तहका लागि रु.१६,०००(सोह्र हजार) प्रदान गरिने छ ।
२.एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृति उपलब्ध गराइनेछ ।

..............................
अमरेन्द्र कुसियैत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
१.श्री सूचना तथा प्रविधि शाखा :
Website मा upload गर्नु हुन् ।
२.श्री शिक्षा शाखा,बलान बिहुल गाउँपालिका,सप्तरी



CamScanner